स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड सुपरस्टार सलमान खान एक वर्षपछि फिल्म 'सिकन्दर'मार्फत् पर्दामा देखिँदैछन्। उनको ५९औं जन्मदिनमा फिल्मको टिजर रिलिजको तयारी गरिएको थियो। तर, भारतका पूर्व प्रधानमन्त्री मनमोहन सिंहको निधनका कारण पोस्टपोन्ड भएको टिजर शनिबार सार्वजनिक गरिएको छ। १ मिनेट ४१ सेकेण्ड लामो टिजरमा सलमानलाई एक्सन अवतारमा देख्न सकिन्छ।

**आजको विचार...**



**चलायमान...**
*(दुई पेजमा)*
(दुई पेजमा)

अजय सुवेदी



यही पुष २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'कार्साङ'को पहिलो गीत सार्वजनिक गरिएको छ। गत आइतबार मात्र छायांकन भएको 'सात भन्ज्याङ' बोलको गीत शनिबार युट्युबमार्फत् सार्वजनिक गरिएको हो। यसमा डीपी खनालको शब्द रचना तथा एसडी योगीको संगीत छ भने संगीतकार योगी र रेश्मा पुन मगरको पार्श्व गायन छ। गीतका एरेन्जर रिकेश गुरुङ हुन्। भिडियोमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री सिर्जना निङलेखु नृत्य गर्दै प्रस्तुत छन्।

❒ वर्ष ३० ❒ अंक १५७ ❒ २०८१ पौष १५ गते सोमबार 30 December 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## विमान दुर्घटनामा २८ जनाको मृत्यु



**काठमाडौँ,** पुस १४/दक्षिण कोरियामा विमान दुर्घटना हुँदा कम्तीमा २८ जनाको मृत्यु भएको छ । एक सय ७५ जना यात्री र चालक दलका ६ जना सदस्य रहेको जेजु एयरको बोइङ-७३७ विमान आइतबार बिहान अवतरणका क्रममा दुर्घटना भएको हो । योनहाप समाचार समितिका अनुसार थाइल्याण्डको राजधानी बैङ्कबाट कोरियाको मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका क्रममा धावनमार्गमा चिप्लिएर पर्खालमा ठोक्किएको थियो । दुर्घटनाको अनुसन्धान थालिएको यातायात मन्त्रालयले जनाएको छ ।

*-रासस*

# आज 'पुसे पन्ध्र' : हराउँदै परम्परागत मौलिकता

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पौष १४/ देशभर आज 'पुसे पन्ध्र पर्व मनाइँदैछ । विभिन्न समुदायका नागरिकहरुले परम्परा अनुसार नै 'पुसे पन्ध्र' पर्व धुमधामका साथ मनाउन लागेका हुन् । हरेक वर्ष पुस १५ का दिन विशेषगरी तरुल, सक्खरखण्ड, फर्सी, पिँडालु लगायतका माटोमुनि उम्रिने चिजलाई उसिनेर खाने चलन छ ।


संस्कृतिको मौलिक पहिचान बोकेको पुस १५ अर्थात् पुसे पन्ध्र पर्वका परम्परागत मौलिकता पछिल्लो समय पाल्पा र गुल्मीमा भने हराउदै जान थालेको छ । परापुर्वकालदेखि प्रचलनमा रहेको पर्व पछिल्लो समय आधुनिकताका नाममा आफेलमा परेको हो । अघिल्लो पुस्ता तथा समुदायमा यो पर्वको निकै महत्व रहेता पनि अहिले त्यस्तो पाइँदैन ।




पहिलेको समयमा पुसे १५ विधिवत रुपमा हरेक समुदायमा फरक-फरक ढंगले मनाईने गरिन्थ्यो । कुनै ठाँउमा रातभर गाउँखाने र दन्त्य कथा सुन्ने तथा सुनाउने, कुनै ठाँउमा रातभर मिठामिठा परिकार खाएर जाग्राम बसेर यो पर्व मनाइन्थ्यो । पाल्पा र गुल्मीमा पहिले पहिले पुसे पन्ध्र निकै उल्लाहसका साथ मनाउने गरेको पुराना पुस्ताका व्यक्तिहरुको भनाई छ । पुसे १५ मा टोल छिमेकको एक घरमा भेला भई आगो तापेर रातभर जाग्रम बस्ने, जाग्रम बसेका बेला तरुल, पिँडालु, सखरखण्ड लगायतका कन्दमूलका साथै पाकेको फर्सी उसिनेर खाने गरिएको पाल्पा रैनादेवी छहराकी कमला रायमाझी बताउँछिन् । माटोमुनि उम्रिने पदार्थ खाँदा जाडो भाग्ने र शरीरमा स्फूर्ति, तागत बढ्ने भएकाले खाने गरिएको उनको भनाई छ । रायमाझीले भनिन्, 'माटोमुनि उम्रिने चिज खाँदा जाडो भाग्ने र शरीरमा स्फूर्ति आउने भएकाले आजका दिन प्राय: सबैले खाने चलन छ, यसदिन सबै परिवार एकै ठाउँ बसेर रमाइलो गरिन्छ ।' गुल्मी इस्मा गाउँपालिका -२ का गोविन्द पौडेलले पनि पहिलेको पुस्ताजस्तो गरी नयाँ पुस्ताले पुसे १५ नमनाएको बताउँछन् । पहिले पहिले तिहारमा भैलो खेलेर जम्मा भएको रकमबाट पुस १५ मै पिक्नीक अर्थात् 'वनभोज' खाने गरिन्थ्यो । पुस १५ को आसपास सबैभन्दा चिसो समय हुने भएकाले चिसोबाट बच्न र शरीरसमेत फूर्तिलो हुने भएकाले चिल्लो पदार्थ हालेका तातो खानेकुरा खाने गरिएको समेत पौडेलको भनाइ छ । उनले पर्वको मौलिकता हराएकोमा चिन्ता व्यक्त गरे । यो पर्वको छुट्टै मौलिकता भए पनि बदलिँदो परिवेशमा यसको खास महत्व दर्शाउने गरी मनाउने परम्परा भने हराउँदै गएको उनको बुझाई छ । 'पहिलाको जस्तो गाउँका सबै जना गाउँ खाने कथा भन्ने व्यक्तिको घर आगनमा जम्मा भै आगो बालेर कथा सुन्ने गर्दथे । तर हाल रात काटने र कथा सुन्ने चलन हराउदै जान थालेको छ', पौडेलले भने, 'टेलिभिजन र इन्टरनेटको बढ्दो प्रभावका कारण पुराना मौलिक परम्परा हराउँदै जान थालेका छन ।' 'पुसे पन्ध्रको रात काटनका लागि एक ठाउँमा जम्मा हुनेहरु बीच गाउँको विकास, सामाजिक, धार्मिक र सांस्कृतिक कार्यका बारेमा सरसल्लाह हुन्थ्यो', उनले भने, 'एक आपसमा बैमनस्यता, रिस, राग भएपनि सबै भुलाएर सबै जना एक ठाउँमा जम्मा हुन्थे । जसमा सामाजिक सद्भाव देखिन्थ्यो, अहिले नयाँ पुस्तामा त्यस्तो छैन् ।' पुसे पन्ध्रको दिन यहाँका प्राय: सबै नागरिक घरमा लगाएको र जंगलमा पाइने तरुल खनेर उसिनेर खान्छन् ।

आज तरुल खानैपर्ने मान्यता अनुरूप पाल्पा, गुल्मी लगायत देशैभरका बजार क्षेत्रमा आइतबारदेखि तरुल किन्नेको घुइँचो लागेको थियो । नेपालका केही केही स्थानमा गाउँखाने र दन्त्य कथा सुन्ने तथा सुनाउने मौलिक पर्वका रुपमा 'पुसे १५' लाई लिने पनि गरिन्छ । यस दिन राति कथा तथा लोककथा सुन्दै र सुनाउँदै मीठा मसिना परिकार खाएर रातभर जाग्राम बस्ने गरिन्छ । लोकसंस्कृतिको मौलिक पहिचान बोकेको पुस १५ गतेको रात वर्षभरिकै सबैभन्दा लामो रात भएको विश्वासमा पुसे १५ मनाउने गरिन्छ । यो पर्वमा दिनमाभन्दा रातिको समयमा एक ठाउँमा भेला भएर मीठो मसिनो खाँदै कथा तथा दन्त्य कथा सुनाउनुलाई विशेष महत्वका रुपमा लिने गरिएको छ । यो पर्वमा विवाह भएर गएकी छोरीलाई पनि घरमा बोलाई भव्य रूपमा स्वागत सत्कार गर्ने गरिन्छ ।

## पाल्पामा लागु औषधसहित एक जना पक्राउ



**पाल्पा,** पौष १४/जिल्लाको बगनासकाली गाउँपालिका -५ राम्दीस्थित कालिगण्डकी नदी किनारमा लागु औषधसहित एक जना पक्राउ परेका छन् ।

झोला बोकी शंकास्पद अवस्थामा हिडडुल गरिरहेको अवस्थामा प्रहरी चौकी राम्दीबाट खटिएको प्रहरी टोलीले कास्की पोखरा महानगरपालिका-९ पृथ्वीचोकका २८ वर्षीय चोकबहादुर श्रेष्ठलाई लागुऔषधसहित पक्राउ गरेको हो । नदी किनारमा सफारी लेखेको निलो रङको पछाडी बोक्ने झोला भिरी पदैल हिडिरहेको अवस्थामा श्रेष्ठलाई पक्राउ गरी खोजतलास गर्दा लागुऔषध फेला पारिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । प्रहरीले उनको झोलामा पत्रिकाले बेरी २ वटा पोको बनाई प्लाष्टिकको टेपले बेरी बाधी राखेको अवस्थामा नोफिन लेखेको ४६ एम्पुल, डाइजेपाम लेखेको ४६ एम्पुल, फेनेर्गान लेखेको ४६ एम्पुल गरी जम्मा १ सय ३८ एम्पुल लागु औषध फेला पारेको हो । श्रेष्ठलाई नियन्त्रणमा लिई जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## 'तमु ल्होसार' पर्व मनाइँदै, देशभर सार्वजनिक विदा

**सीमा भट्टराई**

**पाल्पा,** पौष १४/गुरुङ समुदायले आज 'तमु ल्होसार' पर्व मनाउँदैछन् । पुरानो वर्षलाई बिदाइ गरी नयाँ वर्षलाई स्वागत गर्न तमु ल्होसार मनाउने चलन रहेको छ । 'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ फेरिनुभएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो । 'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वत लगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको हो ।




यसपछि क्रमश: तामाङ र शेर्पा जातिको बसोबास भएको क्षेत्रमा सूर्यको ताप आउने भएकाले माघ र फागुनमा यो पर्व मनाइने विश्वास गरिन्छ । सांस्कृतिक पर्व ल्होसार पछिल्लो समय पहिचानको पर्व बनेको छ । विदेशिएका आफन्त घर फर्किन्छन् । इष्टमित्र भेटघाटका लागि आउँछन् । पछिल्लो समय सेतो टीका लगाएर आशिर्वाद लिने चलन सुरु भएको छ । नेपालमा गुरुङसँगै तामाङ, शेर्पा लगायत अन्य हिमाली समुदायले पनि ल्होसार पर्व मनाउँछन् ।

**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## पुसे पन्ध्रको मौलिकता

पुष पन्ध्र पुष महिनाको १५ गतेका दिन मनाइने चाड हो । पश्चिम नेपालका विभिन्न ठाउँहरूमा यो चाड मनाउने गरिन्छ । पुष पन्ध्र गतेको राती न सुतेर गाउँ खाने कथा र दन्ते कथा सुनेर अथवा सुनाएर रात बिताउने परम्परा छ । यो चाड आफ्नो आफ्नो घरमा नै मनाइन्छ । विशेष गरेर पुष पन्ध्रमा चामलको पिठोको मोटो रोटी (भुच्चाने रोटी) बनाएर आगोको भुबरामा पकाएर खाने चलन छ ।

सबै चाडपर्वको आ–आफ्नै महत्व र मौलिकता रहेको छ । प्रत्येक चाडपर्वको उद्देश्य फरक–फरक छ । जसरी भौगोलिक रुपमा विविधतायुक्त रहन्छ त्यसैगरी संस्कृतिमा पनि विविधतायुक्त रहने गर्दछ । त्यस्तै पुस १५ अन्य समुदायमा पनि विशेष रहने गर्दछ । पुस १५ मा खाजा खाने प्रचलन रहेको छ । घरपरिवारमा मिठो मसिनो खाने, साथीभाइसँग वनभोज जाने प्रचलन देखिन्छ । यसैगरी मगर युवा–युवतीहरूले पुस १५ को दिनमा खुवा खाएर आफ्नो जीवनसाथी रोज्छन् । गुरुङहरूले दिन लामो हुँदै जाने पुस पन्ध्रलाई नयाँ वर्ष मान्छन् । यसलाई तिब्बती भाषामा लोसार भनिन्छ । 'लो' भनेको वर्ष र 'सार' भनेको नयाँ हो । यही ल्होसारलाई नेपालका थकाली तामाङ र गुरुङले ल्होछार भन्छन् । 'ल्हो' बाट 'लो' र 'सार'बाट 'छार' भएको छ । लोसार तिब्बती भाषाको शब्द हो र ल्होछार चाहिँ गुरुङ भाषाको शब्द हो । पहाडी समुदायमा पुसे १५ लाई पर्वकै रूपमा लिने गरिएको पाइन्छ ।

विशेषगरी रातमा नसुतेर यो पर्व मनाउने परम्परा रहे पनि बदलिँदो परिवेशमा यसको खास महत्व दर्शाउने गरी मनाउने परम्परा भने हराउँदै जान थालेको छ । पहिले–पहिले तिहारमा भैलो खेलेर जम्मा भएको रकमबाट पुस १५ मै पिक्नीक अर्थात् 'वनभोज' खाने गरिन्थ्यो । पुस १५ को आसपास सबैभन्दा चिसो समय हुने भएकाले चिसोबाट बच्न र शरीरसमेत फूर्तिलो हुने भएकाले चिल्लो पदार्थ हालेका तातो खानेकुरा खाने प्रचलन पनि छ । पुस १५ मा घरबाहिर पकाएर खानुपर्ने मान्यताका कारण परिवारका सबै सदस्य 'वनभोज' जाने र मीठामीठा खानेकुरा खाने चलन पनि विगतदेखि नै चल्दै आएको हो । यस्ता पर्वहरूले आमनेपालीलाई एकतावद्ध गर्न महत्वपूर्ण भूमिका खेल्छन् । यसर्थ आज परेको पुस १५ पर्वले धार्मिक सहिष्णुता, एकता र बन्धुत्व कायम गर्न सकोस् सबैमा शुभकामना !

### Opinion @ Social Network

प्रयास जारी छ सफल भए परिवार खुशी,
असफल भए छिमेकी खुशी ।
*(निषा सारुकोफेसबुक स्टाटसबाट https:///www.facebook.com/Nisha.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चलायमान हुन नसकेका प्रदेश सरकारहरू



अजय सुवेदी

नेपालमा संघ, प्रदेश तथा स्थानीय तहसहितको संघीय संरचनामा रूपान्तरण भएको सात वर्ष व्यतीत भइसकेको छ तर संघ र स्थानीय सरकारबिचको पुलको रुपमा रहेको प्रादेशिक संरचना अझै चलायमान नहुँदा संघीयताको औचित्यमाथि नै प्रश्न चिह्न खडा हुन थालेको देखिन्छ । संघीयतामा जानुपूर्व आन्तरिक द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्ने, जैविक विविधताको व्यवस्थापन गर्ने, राज्यका स्रोतको समानुपातिक वितरणमार्फत समावेशी विकास गर्ने, संघीय एकाइहरूबिच विकासको मामिलामा प्रतिस्पर्धा गर्ने लगायत मुद्दालाई सम्बोधन गर्न संघीय शासन प्रणाली भनिएको थियो । अहिले ती मुद्दाको सम्बोधन नभएको गुनासो समेत आउन थालेको देखिन्छ । सात वर्षको समीक्षा अवधिलाई आधार मान्दा प्रादेशिक संरचनाले डेलिभरी दिन नसकेको भन्ने विषयमा सबै पक्ष सहमत छन् तर यसको जरो कारण नखोजी प्रदेशलाई एकोहोरो गाली गर्ने गरेको कतिपय विज्ञले तर्क गर्दै आएका छन् । संविधानमा उल्लिखित साझा अधिकार सूची र एकल अधिकारका सूचीका विषयमा कानुन संघले नबनाउँदा प्रदेशले काम गर्न सकेको देखिँदैन । जस्तो : संघीय सरकारले संघीय निजामती सेवा ऐन जारी नगर्दा प्रदेश सरकारहरूले जारी गरेका प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा गठन तथा सञ्चालन ऐन कार्यान्वयनमा आउन सकेका छैनन् । संघीय सरकारले जारी गरेका वन ऐन, प्रदेशका वन ऐनहरूसँग बाझिएका कारण उस्तै समस्या रहेको देखिन्छ ।

हामीकहाँ प्रदेश प्रभावकारी भएनन्, त्यस कारण यसको खारेजी नै समस्या समाधानको उपाय हो भनी तर्क गर्नेहरूको अभाव छैन, तर यसलाई चलायमान बनाउने उपायहरूको विकल्पको विषयमा कमैको ध्यान गएको देखिन्छ । प्रदेशलाई खारेज गर्ने विकल्प जोखिमपूर्ण र आत्मघाती हुन सक्नेतर्फ कमैले सोचेका हुन सक्छन्, किनकि प्रदेश खारेज भनेको संविधान खारेज हो । संविधान खारेज भनेको वर्तमान राजनीतिक व्यवस्थाकै खारेज हो । कतिपय आलोचकले नेपालमा केन्द्रीकृत संघीयताको अभ्यास सुरु भएको तर्क गरेका छन् । भारतको संघीयता अर्ध–संघीयता हो, तर नेपालको संघीयता भारतको जतिको पनि प्रगतिशील नभएको उनीहरूको जिकिर छ । हाम्रो संविधानको साझा अधिकार सूचीमा संघ नै हाबी छ । त्यसका आधारमा निर्माण हुने संघीय कानुनले प्रदेश र स्थानीय तहलाई अधिकार दिँदैन तर उक्त विषय न्यायिक उपचारबाट पनि सम्भव हुँदैन । प्रदेश र स्थानीय तहले निर्माण गर्ने कानुन उनीहरूको प्रयासले भन्दा पनि संघले उपलब्ध गराउने टेम्प्लेटका कारण निर्माण हुन्छ । यस्तै वित्तीय स्रोतका लागि संघको भर पर्नुपर्छ, आदि कारण हाम्रो संघीयता केन्द्रीकृत ढाँचामा जान खोजेको तर्क गरिन्छ । अङ्ग्रेजको पन्जाबाट स्वतन्त्र भएपश्चात् (सन् १९४७) भारतमा संघीय शासन प्रणाली सुरु भएको थियो । यद्यपि सन् १९७९ सम्म त्यहाँको संघीयता कार्यान्वयनले खासै गति लिएको देखिँदैन । त्यस अवधिमा कांग्रेस आईको एकमना सरकारको कडा रबैयाका कारण राज्य सरकारले संघीय सरकारसँग आँखा जुधाएर कुरा गर्ने अवस्था थिएन । जब भारतमा गठबन्धन सरकार निर्माण हुन पुगे, त्यसपश्चात् राज्यहरू अलि बलिया हुन पुगे । त्यहाँको सर्वोच्च न्यायालयका कारण पनि पछिल्लो समय संघीयता कार्यान्वयनले गति लिन पुगेको देखिन्छ, नेपालमा भने छोटो अवधिमा संघीयता कार्यान्वयनले गति लिएको देखिन्छ भारतको तुलनामा । कानुन तर्जुमा, संस्थागत विकास र जनशक्ति व्यवस्थापन वास्तवमा काम गर्ने द्वार खोज्ने नै कानुन तर्जुमाबाट हो । यसले संस्थागत प्रबन्ध खोज्छ, कार्यान्वयनमा जाँदा जनशक्ति र वित्तको समेत माग गर्छ । यसका लागि संविधान अनुसारका कानुन निर्माण गर्नुपर्ने देखिन्छ । हामीकहाँ प्रदेश सरकारले जारी गरेका कानुनहरूको एकीकृत विवरण समेत कहीँ देख्न पाइँदैन । नेपाल सरकारले जारी गर्ने सबै प्रकारका कानुनलाई नेपाल कानुन आयोगले निकै राम्रो डिजिटल अभिलेख राखेको छ, तर त्यस्तो प्रकारको संस्था प्रदेशमा नभए पनि विषयगत मन्त्रालयहरूले राख्न सक्छन् । प्रदेशमा कानुन अनुसार बन्नुपर्ने नियमावली र कार्यविधिको निर्माण भने सुस्त छ । कानुनले माग गरे बमोजिमका संस्थागत प्रबन्ध हुनै सकेका छैनन् । उदाहरणका लागि गण्डकी प्रदेशले जारी गरेको प्रहरी ऐनले व्यवस्था गरे अनुरूपको प्रहरी एकाइ नै गठन हुन सकेको छैन, अरु प्रदेशको हालत पनि त्यस्तै छ ।

**प्रादेशिक अर्थतन्त्रको निर्माण**

नेपाल सरकारले गत साउन १ गतेदेखि लागु हुने गरी कार्यान्वयनमा ल्याएको १६औँ योजनामा प्रादेशिक अर्थतन्त्रको विषय उल्लेख छ । प्रदेश सरकारहरूले कार्यान्वयनका लागि ल्याएका दोस्रो आवधिक योजना पनि सोहीअनुरूप बनाएका छन् । प्रादेशिक अर्थतन्त्रका लागि सम्भावनाका क्षेत्र पहिचान गरी कार्यान्वयनमा ल्याउन ठोस नीति, रणनीति र कार्यक्रमको व्यवस्था गरिएको छ तर त्यसको सार्थक कार्यान्वयन र नतिजाको सम्बन्धमा समयको प्रतीक्षा गर्नुपर्ने हुन्छ । संघ र स्थानीय तहको निगाहामा पुगेको छ प्रदेशको सार्वजनिक वित्त (एकाध सवारी करको हकमा बाहेक) । प्रदेश सरकारको राजस्वको अधिकार क्षेत्र स्थानीय तहको साझा क्षेत्राधिकारभित्र पर्दा अधिकांश कर स्थानीय तहबाट संकलन हुने अवस्था छ । स्थानीय तहको राजस्व प्रशासन संस्थागत हुन सकेको छैन । व्यावसायिक कर अधिकृतको अभाव छ । आन्तरिक राजस्व संकलन गर्नुलाई स्थानीय सरकारले प्राथमिकतामा राखेका छैनन् । उदाहरणका लागि विज्ञापन कर, मनोरञ्जन कर प्राय: स्थानीय तहको शून्य छ । स्थानीय सरकारको सञ्चालन ऐन, २०७४ को ६२ (क) को प्रावधान देखाएर कतिपय स्थानीय तहले प्रदेशलाई राजस्व बाँडफाँड गर्न मानेका छैनन् तर विरोधाभास कहाँनेर देखिन्छ भने संघीय सरकारले जारी गरेको ऐनमा बाँडफाँड गर्नुनपर्ने आशयको प्रावधान घुसाइएको छ । अर्कोतिर ढुङ्गा, गिट्टी बालुवा ओसारपसार सम्बन्धी मापदण्ड–२०७७ ले ४० प्रतिशत राजस्व प्रदेशलाई र ६० प्रतिशत स्थानीय सञ्चित कोषमा राख्नुपर्ने व्यवस्था गरेको छ । यहाँ ऐनलाई कार्यविधिले ऋस गरेको छ, जुन विधिशास्त्रीय दृष्टिकोणबाट गलत छ । ऐन र कार्यविधि बाझिएमा स्वत: ऐनको विषयमान्य हुन्छ । सार्वजनिक वित्तको साँगुरो दायराका कारण प्रदेशमा लगानीका अवसर सिर्जना हुन सकेनन् । लगानीको अवसर नहुँदा पुँजी निर्माण हुन सकेन, त्यसकारण प्रादेशिक अर्थन्त्रको निर्माणमा बाधा पुगेको देखिन्छ । आर्थिक वर्ष २०७९/८१ को तथ्याङ्कलाई आधार मान्ने हो भने कुल सार्वजनिक खर्चको १० प्रतिशत खर्च मात्र प्रदेशबाट हुने गर्छ । वर्ष २०८१/८२ को बजेटको आकारलाई हेर्ने हो भने सातैवटा प्रदेशको बजेटको आकार संघको भौतिक पूर्वाधार मन्त्रालयको बजेट बराबर हुन आउँछ । संविधानको अनुसूची ६ मा उल्लिखित नेपाल राष्ट्र बैंकको नीति अनुरूपको वित्तीय संस्थाको स्थापना र सञ्चालनसम्बन्धी प्रावधान कार्यान्वयनमा रहेको छैन । प्रदेश स्तरका विकास बैंकको अवधारणा कार्यान्वयनमा ल्याई विकासको लगानी जुटाउन सकिन्छ, तर स्तरीय विकास बैंकको अवधारणालाई भताभुङ्ग बनाई मर्जरका नाममा वित्तीय संस्थालाई केन्द्रीकरण तथा एकाधिकारतर्फको बाटोमा हिँडाइएको देखिन्छ । कृषि तथा पशुविकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, गुठी, खानी अन्वेषण तथा व्यवस्थापनजस्ता विषयमा संवैधानिक अधिकार प्रयोग गरी प्रदेशको अर्थतन्त्र मजबुत गर्न सकिन्छ । औद्योगिक र करारजन्य विषयमा वैदेशिक सहायता लिने अधिकार प्रदेशलाई प्राप्त छ, तर संघको अनुमति आवश्यक हुन्छ । अर्कोतर्फ प्रत्येक प्रदेशहरूले अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको स्रोतको पहिचान गरी परिचालन गर्न सक्छन् । कोहीको हकमा अर्थतन्त्रको मेरुदण्ड पर्यटन हुन सक्छ । गण्डकीको हकमा जलविद्युत् र पर्यटन विकासह मधेश प्रदेशको हकमा कृषि र कर्णालीको हकमा जडिबुटी अर्थतन्त्रको मेरुदण्ड हुन सक्छ ।

**विकास व्यवस्थापन :** हाम्रो संविधानको अनुसूची ८ को प्रदेश सरकारको एकल अधिकार सूचीमा प्रदेश स्तरको विद्युत्, सिँचाइ, खानेपानी सेवा परिवहन, प्रदेश विश्व विद्यालय, उच्च शिक्षा, प्रदेशभित्रको व्यापार, कृषि तथा पशुपक्षी विकास, कलकारखाना, औद्योगिकीकरण, यातायात, गुठी व्यवस्थापन लगायत विषयमा विकास परियोजना तथा आयोजना सञ्चालन गर्न पाउने व्यवस्था छ । त्यस्ता परियोजना प्रदेश स्तरको हुनुपर्ने वा अन्तरस्थानीय तह जोड्ने खालको हुनुपर्ने हुनुपर्छ तर व्यवहारमा एकाधबाहेक प्रादेशिक योजना तर्जुमा र कार्यान्वयन स्थानीय वा वडास्तरको हुन पुगेको देखिन्छ । यसका कारण प्रदेशहरूले गर्ने काम पनि हाम्रोजस्तै रहेछ, किन चाहियो प्रदेश संरचना भन्ने स्थानीय सरकारहरूलाई परिरहेको छ । जसलाई तर्कहरूलाई अस्वाभाविक मान्न सकिँदैन । विकास आयोजना छनोट गर्दा प्रादेशिक विकासको अवधारणा अनुरूप तुलनात्मक लाभ भएका क्षेत्रलाई प्रदेश सरकारहरूले पहिलो प्राथमिकता दिन सक्छन् । उदाहरणका लागि कोशी प्रदेशले पर्यटन विकासलाई र मधेशले कृषि सुधार र सिँचाइ आयोजनाहरूलाई प्राथमिकता दिन सक्छ । हाम्रो संघीयता सहकारितामूलक भएकाले संघीय सरकार र स्थानीय सरकारसँग मिलेर बृहत् खालका योजना (जस्तै : पूर्वाधार र जलविद्युत् आयोजना) अगाडि बढाउन समेत सक्छन् ।

**प्रादेशिक सेवा प्रवाह :** सेवा प्रवाहको क्षेत्राधिकार स्थानीय तह र संघीय तहमा बढी भए पनि सवारी तथा यातायात व्यवस्थापन, वन सहकारीजस्ता सेवा प्रवाहको भार प्रदेश सरकारमा बढी छ । करिब ४५ लाख सवारीसँग सम्बन्धित सेवा (जस्तै : सवारी चालक अनुमतिपत्र वितरण तथा नवीकरण, सवारी दर्ता, नवीकरण, नामसारी, हस्तान्तरण, पुन: दर्ता, जाँचपास, रुट इजाजत अनुमति तथा नवीकरण) प्रदेशले दिनुपर्छ । नेपाल कृषिप्रधान देश हो । कृषिको गुणात्मक विकासका लागि सिँचाइ आयोजनाबाट बहुसंख्यक कृषकलाई प्रभावकारी सेवा दिन सकिन्छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्र्वाचन एक साथ हुँदा पनि प्रादेशिक प्राथमिकता ओझेलमा परेको देखिन्छ । स्थानीय तहको चुनाव फरक समयमा हुँदा उम्मेदवार वा दलहरूले स्थानीय सवाललाई जोड दिन र स्थापित गर्न पाएका छन् । प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव एकैचोटि हुँदा संघका एजेन्डाको बढी चर्चा भयो । जुन संघीय शासन प्रणालीमा उपयुक्त होइन, किनकि संविधानत: प्रदेश छुट्टै अस्तित्त्वको सरकार हो । उसको कार्य, जिम्मेवारी, निर्वाचन क्षेत्र र प्राथमिकता अलग छन् । जुन संघीय सरकारको आँखाबाट मात्र हेर्न सकिँदैन । अन्त्यमा संघीयता महँगो भयो प्रदेश खारेज गर्नुपर्छ भन्ने सोचलाई निस्तेज पार्नुपर्छ । संघीयतालाई साबिकको भन्दा कम खर्चमा चलाउन सकिने कैयौँ विकल्पलाई व्यवहारमा ल्याउनुपर्छ । संघीयता महँगो हुनुमा संघीय सरकार र स्थानीय तह बढी जिम्मेवार छन् । प्रदेशमा विनियोजित बजेटको बढी हिस्सा पुँजीगत खर्चको रहने गर्छ भने स्थानीय तह र संघमा चालु खर्च ७० प्रतिशत बराबर हुने गर्छ । निजामती कर्मचारीको संख्या स्थानीय तह र संघमा ज्यादा छ । जस कारण चालु खर्चलाई बढावा दिएको देखिन्छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लब तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा बाधा आउन सक्छ । नयाँ योजनाहरूमा धन खर्चका योग छन्। | **तुला** : नयाँ कार्यको योजना बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **वृष** : नयाँ कार्य प्रारम्भ हुनेछ। जीवन साथीसँग वादविवाद हुने सम्भावना रहेको छ। | **वृश्चिक** : श्रमको उचित मुल्याङ्न हुनेछ। दिनको उत्तरार्ध सुखद् रहने देखिन्छ । |
| **मिथुन** : धनको लेनदेनमा सचेत रहनुहोला। राज्यपक्षको सहयोग मिल्न गाह्रो होला। | **धनु** : दिखावा गर्नदेखि बच्नुहोस्। नयाँ सम्पर्कले गर्दा लाभ मिल्नेछ। |
| **कर्कट** : कीर्तिमानी काम गर्ने समय छ प्रेमसम्बन्धका लागिपनि श्रेष्ठ समय छ । | **मकर** : शैक्षिक क्षेत्र मध्यम रहनेछ। शेयर बजारबाट लाभ मिल्नेछ। |
| **सिंह** : बौद्धिक काममा सफलता मिल्नेछ। दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । | **कुम्भ** : पायक स्थानमा भ्रमणको योग रहेको छ। आत्मविश्वास बढ्नेछ। |
| **कन्या** : नयाँ कमको थालनी हुनेछ । धार्मिक र सेवा भाव बढ्ने योगछ । | **मीन** : आयस्रोत सबल रहनेछ। धार्मिक मठ मन्दिरको यात्रा हुनसक्ला। |

# शिक्षा

## स्कुले शिक्षालाई व्यावहारिक जीवनसँग कसरी जोड्ने ?

**डा. पेशल खनाल**

स्कुल जाने अवसर नपाएकी, १२-१३ वर्षजति उमेरकी एक बालिका हरेक दिन बिहान आफैले फलाएको तरकारी बेच्न हाम्रो टोलमा आउँछिन् । उनले तरकारी भरिएको प्लास्टिकको क्रेट नाम्लो लगाएर बोकेकी हुन्छिन् । ती बालिका आफ्ना आमाबुबाको साथ जीविकोपार्जनका लागि जुम्लाबाट आएकी हुन् । त्यो परिवार चन्द्रागिरि नगरपालिकाको दहचोकतिर थोरै जग्गा लिजमा लिएर बसेको छ । त्यहाँ पशुपालन र तरकारी खेती गर्छ । म ताजा तरकारी किन्ने सिलसिलामा ती बालिकासँग परिचित भएको हुँ । उनले सागसब्जी तौलिन स्प्रिङजडित हातेयन्त्र बोकेकी हुन्छिन् । मैले छानेको तरकारी जोख्छिन् र परिमाण सुनाउँछिन् । उनीसँग मोबाइल फोन र क्यालकुलेटर छैन । फरकफरक दरका एकभन्दा बढी तरकारीको कुल परिमाण औंला भाँचेकै भरमा भन्छिन् र पैसाको हिसाब सुनाउँछिन् । उनले दिएको हिसाब ठ्याक्कै मिलेको हुन्छ, लेनदेन फरक पार्दिनन् । म शिक्षा र अनुसन्धानको क्षेत्रमा काम गर्ने व्यक्ति हुँ । उनीसँग भेट भएपछि म उनको जिम्मेवारी र क्षमताबारे जिज्ञासु भएँ । उनका बारेमा केही जानकारी लिएँ । आजकाल पनि उनीसँग मौका अनुसार थोरैतिनो गफ गर्छु । उनले जुम्लामा स्कुल जाने अवसर पाइनन् । उनी स्कुल जाने उमेर नपुग्दै एक भाइ र एक बहिनी जन्मे । दुई भाइबहिनीका सामु उनी ठूली ठानिइन् । त्यही बेला आमाबा मूल घरबाट छुट्टिएर अलग्गै बस्न थाले । बिस्तारै जीविकोपार्जन कठिन हुँदै गयो । बा काम गर्न भारत गए । भाइबहिनी हेर्ने र आमालाई घरायसी काम जेठी छोरीको भयो । उनी विद्यालय जान पाइनन् । परिस्थितिले ती बालिकालाई सानै उमेरमा जिम्मेवारी सुम्पियो । आमाबाका साथ देशको राजधानी सहरमा आइपुग्दा पनि उनी औपचारिक शिक्षाको अवसरबाट बन्चित नै छिन् । यो उमेरमा उनको ज्ञान र क्षमताले विद्यालय शिक्षाको अवसर पाएका बालबालिकाको सिकाइ उपलब्धिमा हाँक दिएको छ । ती बालिकाको हालको उमेर पाँच कक्षा उत्तीर्ण भएर ६ कक्षा पढ्दै गर्ने हो । उनको क्षमताले एउटा प्रश्न उठाउँछ - पाँच कक्षा उत्तीर्ण आजको विद्यार्थीले ९० रूपैयाँ किलोको दरले एक किलो दुई सय ग्राम गोलभेँडाको मूल्य एक मिनेटमा बताउन सक्ला ? व्यावहारिक ढंगले हाम्रा स्कुलबाट पाँच कक्षा उत्तीर्ण अधिकांश बालबालिका यस्तो प्रकृतिका समस्या समाधान गर्न सक्दैनन् । उनीहरूको सिकाइ दैनिक जीवन व्यवहारसँग साह्रै कम मात्र जोडिएको हुन्छ । किताबी ज्ञानमा पनि सिकाइ उपलब्धि अत्यन्तै निराशाजनक छ । शिक्षा मन्त्रालय अन्तर्गतको शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०२० मा गरेको एक बृहत अध्ययन अनुसार तीन कक्षाका विद्यार्थीको औसत उपलब्धिस्तर गणितमा ३७ प्रतिशत र नेपाली पढाइ लेखाइमा ४४ प्रतिशत छ । पचास प्रतिशतभन्दा कमको यो सिकाइ उपलब्धिले ठूलो संख्यामा विद्यार्थीहरू गणितका आधारभूत जोडघटाउ गर्न र नेपाली भाषामा साधारण लेखपढ गर्न अक्षम रहेको देखाउँछ । हालै पाठ्यक्रम विकास केन्द्रले बालबालिकाको सिकाइ दैनिक जीवनसँग जोड्ने प्रयास स्वरूप परीक्षण सुधार सम्बन्धी एक गोष्ठी आयोजना गरेको थियो । त्यसमा विज्ञका तर्फबाट हामी धेरैले केही विषय उठान गऱ्यौं । पाठ्यक्रम विकास केन्द्रका विज्ञहरूले गरेको सुधारको प्रयास



सराहनीय थियो । गोष्ठीमा ससाना व्यावहारिक विषयमा मसिनो गरी छलफल चल्यो, सुधारको केही मार्गचित्र बन्यो । कुनै व्यापारीले जुम्लामा प्रतिकिलो ८० रूपैयाँका दरले स्याउ किनेर काठमाडौं ल्याई प्रतिकिलो ८५ रूपैयाँमा बेच्छ भने उसलाई कति नाफा हुन्छ ? हामीले गणितको कक्षामा यस्ता प्रश्नमा क्रयमूल्य र विक्रयमूल्य भन्यौं, नाफा-नोक्सानको सूत्र सिकायौं, हिसाब गर्न सिकायौं । यस अनुसार विद्यार्थी पाँच रूपैयाँ नाफा हुन्छ भनेर हिसाब निकाल्न जान्ने भयो तर जुम्लाको स्याउ काठमाडौं ल्याएर बेच्दा यसरी नाफा होला त भनेर कहिल्यै छलफल गराएनौं । लम्बाइ र चौडाइ गुणन गरेर सतहको क्षेत्रफल निकाल्न पनि सिकायौं तर आफ्नो कक्षाकोठाको र आफ्नै करेसाबारीको लम्बाइ-चौडाइ फित्ताले नापेर क्षेत्रफल निकाल्न लगाएनौं । अन्तत: हामीले चार कुना मिलेको आफ्नै जग्गाको क्षेत्रफल मापन गर्न नसक्ने जनशक्ति उत्पादन गऱ्यौं । विद्यालय शिक्षाको अवसर नपाएका तर कामबाटै सिकाइ गरेका अमिनहरू गाउँघरमा जग्गा नापिदिन्छन् । कहिल्यै स्कुल जान नपाएकी ती बालिका नापअनुसार तरकारीको मूल्य ठ्याक्कै बताउँछिन्, जोड-घटाउ गरेर पैसा लिन्छिन्, फिर्ता दिन्छिन् । आजकाल कतिपय व्यक्तिहरू भन्छन् – हालको प्राथमिक शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक भन्दा त उहिलेको 'ठूलो वर्णमाला' धेरै व्यावहारिक थियो, त्यसको औसत सिकाइ उपलब्धि आजको भन्दा बढी थियो । हुन पनि स्वाध्ययन सामग्रीका रूपमा रहेको उक्त पुस्तकमा दैनिक जीवन र घरायसी समस्या समाधानका सबैजसो आधारभूत विषय समावेश थिए । भाषाशैली पनि परिपक्व थियो ।

**यसो हो भने हामी कहाँ चुक्यौं त ?**


विद्यालय तहको हाम्रो पाठ्यक्रम प्रणाली केलाएर हेर्दा पाँचवटा मूल समस्या देखिन्छन् । १. विद्यालय शिक्षामा सैद्धान्तिक ज्ञानको मात्रा बढी भयो। ती सिद्धान्तको व्यावहारिक महत्त्व के हो र कसरी उपयोग गर्न सकिन्छ भन्ने पक्षमा हाम्रो पाठ्यक्रम कमजोर भयो । हामीले बसाइँसराइ भनेको के हो, बसाइँसराइको फाइदा र बेफाइदा के हो, बसाइँसराइ किन हुन्छ भन्ने मात्र पढायौं । परीक्षामा यस्तै प्रश्न सोध्यौं र जबाफ लियौं तर तिम्रा जिजुबाआमा कहाँ हुनुहुन्थ्यो, अहिले तिम्रो बसोवास कहाँ छ भनेर सोधेनौं । जिजुबाआमाको बसोबास भएकै ठाउँमा छौ वा त्यहाँबाट अन्यत्रै सऱ्यौ भने यी दुवै अवस्थाले तिम्रो जीवनमा के सकारात्मक परिवर्तन ल्यायो भनेर सोधेनौं । यस्ता प्रश्नको जबाफ लिएनौं । २. हामीले पाठ्यपुस्तकलाई नै शिक्षण सिकाइको मूल स्रोत ठान्यौं । हो, अलिक पुरानो विगतमा हामीसँग ज्ञानका औपचारिक स्रोतहरू कम थिए, पाठ्यपुस्तक नै प्रधान थियो । अहिले ज्ञानका असीमित स्रोतमा धेरैको पहुँच छ तैपनि हामी शिक्षक कक्षाकोठामा छिर्ने बित्तिकै यति पृष्ठसंख्या पल्टाऊ भनेर विद्यार्थीलाई अह्राउँछौं, किताबमा लेखेको जति नै सिकाइको स्रोत हो भन्ने ठान्छौं । यसैअनुसार पढाउँछौं । अहिले धेरै देशमा पाठ्यक्रमले सिकाइ उपलब्धिको लचिलो सहमति बनाएर शिक्षकलाई विषयवस्तु र क्रियाकलाप छान्ने बाटो खुला गरिदिएको छ । हाम्रो देशका हामी शिक्षकहरू 'अझै स्कुलमा पाठ्यपुस्तक आइपुगेकै छैन' भनेर शैक्षिक वर्ष सुरु भएको दुई-तीन महिनासम्म अलमल गरेर बसेका हुन्छौं । ३. हामीले विद्यालय तहको पाठ्यक्रम निकै बोझिलो बनायौं । सम्बन्धित विषयका सबैजसो क्षेत्र समेट्ने प्रयासमा पाठ्यक्रमले ओगटेको दायरा अत्यन्तै ठूलो हुन गयो । फलस्वरूप शिक्षकलाई शैक्षिक वर्षभित्र कसरी पाठ्यक्रम सक्ने भन्ने तनाव हुन गयो । हामीले तालिमका सिलसिलामा शिक्षकहरूलाई पाठ्यक्रमको क्रियाकलापमुखी शिक्षण विधिमा प्रेरित गर्ने प्रयास गर्दा उहाँहरू 'त्यस्तो विधिले निर्धारित समयमा कोर्स पूरा हुँदैन' भन्नुहुन्छ । पाठ्यक्रममा पाठ्यवस्तु छनौट गर्दा व्यावहारिक प्रयोग हुन सक्ने ज्ञानको आधार लिनुपर्छ । विद्यालय तहमा प्रत्येक विषयमा हाल कायम पाठ्यवस्तु कम्तीमा एक तिहाइ कटौती गर्नुपर्ने स्थिति छ । कुनै विषयमा त आधा घटाउनुपर्ने देखिन्छ । के सिकाउन आवश्यक छ र के आवश्यक छैन भन्ने कुरामा बहस हुन सक्छ। हामीले मान्दै आएका परम्परागत विज्ञको मात्र होइन, सामाजिक जीवनमा योगदान गरेका सबैको रायसल्लाह लिनुपर्छ । यसमा शिक्षकलाई पनि सहभागी गराउनुपर्छ । हालै मेरा एक जना छिमेकीले सोध्नुभयो - तपाईंहरू सामाजिक शिक्षा विषयमा विश्वको भूगोल पनि पढाउनुहुँदो रहेछ तर मेरो छोरालाई आफ्नै पाखाबारीको भूगोल र त्यहाँ फल्ने बालीनालीको अत्तोपत्तो छैन, मलाई उदेक लाग्छ, तपाईंहरू किन उसको नजिकको जीवन छाडेर टाढाको संसार पढाउनुहुन्छ ? यो प्रश्न शिक्षा क्षेत्रमा काम गर्ने हामी र पाठ्यक्रम बनाउने सबैका लागि हो भन्ने मलाई लाग्छ । ४. हामीले सिकाइ हुने ठाउँ विद्यालय र कक्षाकोठा मात्र हो भन्ने भाष्य बनायौं। विद्यालयको दैनिक समय पाँच-सात घण्टीमा बाँडेर अलगअलग विषयको सैद्धान्तिक रटानमा व्यस्त हुन सिकायौं । यता हाम्रो जीवन बहुविषयक, खुला र स्वतन्त्र छ ।

विद्यालयमा हुने हाम्रा विद्यार्थीहरू आफ्नै घरवरपरका बोटबिरूवा चिन्दैनन्, बदामको फल कहाँ लाग्छ भन्ने जान्दैनन्, घरमा आफै पकाएर खान सक्दैनन्, भर्पाइ लेख्न जान्दैनन्, आफ्नो कोठा मिलाउन र बाथरूम सफा गर्न जान्दैनन् भनेको सुनिन्छ । नातागोताको साइनो पर्गेल्न सक्दैनन्ह व्यक्तिअनुसार मानसम्मान, माया र वात्सल्य देखाएर बोल्न जान्दैनन् भन्ने गुनासो पनि सुनिन्छ । अन्त्यमा, स्कुलमा १०-१२ वर्ष बिताएका हाम्रा छोराछोरी जीवनयापनका यी साधारण काम सिक्न र गर्न असमर्थ छन् भने परियोजना कार्य र व्यावहारिक सिकाइमा विद्यालयले दिएको त्यो २४-२५ अंकको के अर्थ यस्तै अभ्यास कायम रहे हाम्रा विद्यार्थीहरूले व्यावहारिक सीप सिक्ने छैनन् । यस्तो अभ्यासको तुलनामा त हाम्रो टोलमा तरकारी बेच्न आउने जुम्ली बालिकाको अभ्यास र ज्ञान नै अब्बल छ नि, होइन र ! यसले के देखाउँछ भने सैद्धान्तिक जत्तिकै जोड व्यावहारिक ज्ञानमा पनि दिन अवश्यक छ ।

*-सेतोपाटी डटकम*

## फिचर लेखन किन ?

**वसत्य परियार**



किशोरकालमा जब मैले घरमा अह्राएको काम मात्रै गर्थें, अह्राएको कामसँग सम्बन्धित अर्को काम गर्न विवेक प्रयोग गर्दिनथें, तब मेरा हजुरबा र बाले अकबरको दरबारमा कुकुर बियाएको कथा दोहोऱ्याइरहन्थे । उनीहरूले सुनाएको कथा अनुसार, एकपटक राजा अकबरलाई एक व्यक्तिले भनेछन्– हजुरले फलानोलाई मन्त्री बनाउनुभयो, मलाई किन बनाउनुभएन ? अकबरले भने– यसको जवाफपछि दिउँला, यहाँ नजिकै कुकुर बियाएको छ रे, हो कि होइन बुझेर आऊ । उनी जान्छन् र आएर राजालाई भन्छन– बियाएको रहेछ हजुर । अकबरले सोध्छन– कतिवटा छाउरा रहेछन् ? उनी पुन: छाउरा गन्न जान्छन् । राजाले कतिवटा छाउरा र कतिवटा छाउरी रहेछन् ? के कस्ता रङका रहेछन् ? लगायत जिज्ञासा एक-एक गरी राख्छन् । राजालाई प्रत्येक जिज्ञासाको जवाफ दिन ती व्यक्ति प्रत्येकपटक कुकुर बियाएको स्थानतिर कुद्नुपर्छ । त्यसपछि राजाले कुकुर बियाएको हो कि होइन भनी बुझ्न नवनियुक्त मन्त्रीलाई पठाउँछन् । नवनियुक्त मन्त्रीले कुकुर बियाएको कथा यसरी वर्णन गर्छन्, राजाले सोध्नैपर्दैन । अनि राजाले पहिलो व्यक्तिलाई भन्छन– मैले किन तिमीलाई मन्त्री नबनाएर उसलाई मन्त्री बनाएको रहेछु भन्ने बुझ्यौ नि ! हाम्रो पत्रकारिता कुकुरका छाउरा-छाउरी गन्न (फाइभ-डब्लु वन-एच पुऱ्याउन) र हेर्न (घटनाक्रमको बयान गर्न)मै केन्ति्त छ । अचेल त कतिपय समाचारमा 'फाइभ-डब्लु वन-एच' नभेटिन पनि सक्छन्, अनलाइनमार्फत छिटो समाचार दिने हतारोका कारण । कुकुर बियाएको सन्दर्भमा राजाले नसोधेका सन्दर्भ पनि छन् । जस्तो : आमाका थुन छाउरा-छाउरीभन्दा बढी छन् कि कम ? आमा भोकी-प्यासी वा रोगी छ कि ? उसलाई खानेकुराको व्यवस्था के कस्तो छ वा कसरी भइरहेको छ ? छाउरा-छाउरी बस्ने ठाउँ न्यायो र सुरक्षित छ कि छैन ? वास्तवमा यिनै कुरालाई ल्याउन पत्रकारितामा फिचर-लेखन विधाले स्थान पाएको हो । 'फिचर' शब्द ल्याटिनको फ्याक्चुरा (factura)बाट आएको हो । जसको अर्थ 'गर्नु' वा 'तयार गर्नु' भन्ने हुन्छ । १४औं शताब्दीमा अंग्रेजीमा 'फिचर' शब्दलाई कुनै वस्तुको संरचना वा रूपलाई जनाउन प्रयोग गरिएको थियो । समय क्रमसँगै यस शब्दको प्रयोग पत्रकारितामा विस्तारित भयो । जब समाचारपत्रहरूले सामान्य समाचार र कथात्मक वा वर्णनात्मक लेखहरूका बिचमा भिन्नता गर्न थाले, तब फिचर शब्दले स्थान पाउन थाल्यो । वास्तवमा 'फिचर'ले कुनै विशेष पात्र, घटनाक्रम वा सन्दर्भको वर्णन गर्छ अर्थात् कथा भन्छ । यति हो कि कथा स्पष्ट बुझिने हुनुपर्छ । अरू विकसित देशका वा आफ्नै देशका स्थापित लेखक वा पत्रकारले कसरी फिचर लेख्छन् भनी जान्नु एउटा कुरा हो, तर तपाईंले कुनै विषयमा लेखेको 'फिचर' अर्कोले पढ्दा स्पष्ट बुझिने हुनुपर्छ, खास-खास पाटो छुट्नु हुँदैन । वर्णन वा कथालाई स्पष्ट पार्न जे-जति तत्त्व चाहिन्छन्, ती सबै फिचरमा आएकै हुनुपर्छ, अन्यथा फिचर हुँदैन, अझ भनौं पत्रकारिता हुँदैन । कुनै पनि फिचर किन लेख्ने भन्ने प्रश्न प्रधान हुन्छ । सामान्यत: फिचर दुई उद्देश्यले लेखिन्छ– १) कुनै खास पात्र, घटना, सन्दर्भ वा विषयको सूचना दिन, जुन सूचना जनताका लागि आवश्यक छ । २) स्थानीय मुद्दालाई उठाउन वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दालाई स्थानीयकरण गर्न, जुन मुद्दा मानवता वा सामाजिक न्यायसँग जोडिएको छ । हुन त यो पनि सूचना दिनकै लागि लेखिने हो । वास्तवमा पत्रकारिताको उद्देश्य नै सूचना दिनका लागि हो । यहाँ सूचना लुकाएरै कोही शक्तिशाली र कोही कमजोर, कोही शासक र कोही शासित भइरहेका छन् । सूचनामूलक होस् वा मुद्दा उठान गर्ने फिचर होस्, दुवै लेख्दा सूचनालाई प्रस्ट्याउने स्रोत तथा सन्दर्भहरूलाई पछ्याउनैपर्छ । यतिसम्म कि एउटा व्यक्तिको व्यक्तिवृत्त लेख्दै छौं भने सम्बन्धित व्यक्तिसँग मात्र कुरा गरेर पुग्दैन उनीबारे लेखिएका पुस्तक, प्रतिवेदन वा समाचार छन् भने खोज्नुपर्छह उनीबारे जानकार अन्य व्यक्तिहरूसँग कुरा गर्नुपर्छ । अर्थात् पात्रले बोलेका कुरालाई कहीँकतै तपाईंले पुष्टि गर्नुपर्छ । कुनै पनि मुद्दाको उठान गर्दा मुद्दासँग सम्बन्धित पक्ष, विपक्ष र राज्यको नीति तथा धारणालाई ल्याउनैपर्छ । यस्तोमा कोही बोल्न चाहेन भने पनि विकल्प खोज्न सकिन्छ । वास्तवमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय मुद्दालाई स्थानीयकरण गर्न वा स्थानीय मुद्दालाई राष्ट्रिय वा अन्तर्राष्ट्रियकरण गर्न फिचर लेखन एउटा उपयुक्त माध्यम हो । फिचर लेखनमा मुद्दासँग जोडिएको पात्रको थोरै अनुभव वा कथा अनिवार्य हुन्छ । राष्ट्रिय मुद्दालाई कसरी स्थानीयकरण गर्ने भन्ने सम्बन्धमा लियोनार्द विटले सम्पादन गरेको पुस्तक 'द कम्प्लिट बुक अफ् फिचर राइटिङ'ले भन्छ, 'कुनै पनि मुद्दालाई स्थानीयकरण गर्ने उत्तम तरिका भनेकै त्यस मुद्दालाई एउटा जिउँदो-जाग्दो पात्रका माध्यमद्वारा अभिव्यक्त गर्नु हो । युद्ध वा लडाइँका बारेमा नलेख्नुस्, युद्ध मोर्चाको अग्र स्थानमा रहेको सिपाहीका बारेमा लेख्नुस् ।' सामान्यत: भावनात्मक कथाहरूले भरिपूर्ण फिचर पाठकका लागि रुचिकर हुन्छ । यद्यपि फिचरमा फ्याक्ट (तथ्य) र फिक्सन (कथा)को सुन्दर संयोजन हुनुपर्छ । फिचर काल्पनिक कथा हुँदै होइन, वास्तविक घटनाक्रम वा वस्तुस्थितिलाई कथामा ढाल्नु नै फिचर लेखन हो । त्यसैले भनिरहेको कथालाई वास्तविक बनाउन तथ्य वा विवरणहरू (भनाइ, तथ्याङ्क, तस्बिर, ग्राफ आदि)को टेको दिँदै अगाडि बढ्नुपर्छ । तथ्यहरू थुपारेर मात्रै फिचर बन्दैन अर्थात् पाठकका लागि रुचिकर हुँदैन, त्यसैले तथ्य वा विवरणलाई पनि कथामा ढाल्ने खुबी फिचर लेखकमा हुनैपर्छ ।

फिचर कति शब्दको हुने भन्ने प्रकाशन गर्ने माध्यम हेरी हुन्छ । पाँच सय शब्ददेखि पाँच शब्दसम्मको फिचर लेख्न सकिन्छ । यति हो कि फिचर पठनीय बन्नैपर्छ । उपरोक्त पुस्तक भन्छ, 'थोरै शब्दले पनि गहिरो अर्थ दिन सक्छ, त्यसैले अधिक लेखनको जालमा नफस्नुस् । विचारपूर्वक चयन गरिएका साधारण विवरणले पनि धेरै कुरा व्यक्त गर्न सक्छन् । विशेष गरी भावनात्मक कथाहरूमा तथ्यहरूलाई यसरी पर्गेल्नुस् कि तथ्यहरू स्वयं भावना बनी प्रवाहित होउन् ।' निबन्ध विधालाई आत्म-प्रकाशन भनेजस्तै फिचर विधा भन्नु नै वस्तु, व्यक्ति र घटना वा सन्दर्भकै प्रकाशन हो । समग्रमा भन्दा– समाज, राष्ट्र वा विश्वका ती मुद्दा वा घटनाक्रम जो चर्चा वा ओझेलमा छन्, तिनलाई उजागर गर्न फिचर लेखिन्छ, वा लेखिनुपर्छ । आजको इन्टरनेटको जमानामा व्यक्तिले छिनछिनमा छोटाछोटा सूचना पाउने थुप्रै माध्यम छन् । त्यसैले एउटा विस्तृत र विश्वसनीय सूचना दिने धर्म पत्रकारिताको हो, यो धर्म निभाउने माध्यम हो फिचर लेखन । यो समाज वा विश्वमा हामीले भन्नुपर्ने र खोज्नुपर्ने कथा थुप्रै छन् । अझ यसमाथि नयाँ-नयाँ घटनाक्रम भइरहेका छन्, नयाँ-नयाँ मुद्दा जन्मिरहेका छन् । बस्, तिनलाई कथाका रूपमा भन्ने ढंग आवश्यक छ । आज छिनछिनमा छोटाछोटा सूचना फैलने माध्यम थुप्रै भएकाले सर्वसाधारणले मिथ्या सूचना पनि पाइरहेका छन् । योसँगै सामाजिक न्यायका कतिपय मुद्दामा सर्वसाधारण स्पष्ट हुन सकिरहेका छैनन्, गम्भीर मुद्दालाई हल्का रूपमा लिएर विरोध र समर्थन गरिरहेका देखिन्छन् । यो अवस्थामा जनतालाई सुसूचित गर्ने सशक्त माध्यम भनेकै फिचर लेखन हो । अबको पत्रकारिताको भविष्य नै फिचर लेखनमा टिकेको छ । भिडियोमा होस्, अडियोमा होस् वा अक्षरमा– बुझिने र विश्वसनीय ढंगले कथा भन्नका लागि फिचर लेखन अनिवार्य छ ।

*-रातोपाटी डटकम*

## उपस्थित हुन आउने १५ दिने सूचना

*मिति : २०८१/०९/१५*



पाल्पा जिल्ला साविक देउराली गा.वि.स. वडा नं.७ हाल परिवर्तित रिब्दीकोट गाउँपालिका वडा नं. २ बस्ने दुर्गा प्रसाद क्षेत्रीको नाती हेम बहादुर क्षेत्रीको छोरा महेन्द्र क्षेत्रीको नाममा पाल्पा जिल्ला अदालतबाट जारी भएको उपस्थित हुन आउने सम्बन्धी सूचना । उप्रान्त पाल्पा जिल्ला साविक देउराली गा.वि.स. वडा नं. ७ परिवर्तित रिब्दीकोट गाउँपालिका वडा नं. २ घर भई हाल वेपत्ता भएका भनिएका महेन्द्र क्षेत्री मिति २०६०/०१/१५ गते रोजगारीको लागि भारत गई हालसम्म घरमा फर्की नआई वेपत्ता भएकोले मृत्युको न्यायिक घोषणा गरी पाउँ भनी पाल्पा जिल्ला रिब्दीकोट गाउँपालिका वडा नं. २ बस्ने महेन्द्र क्षेत्रीको पत्नी तुलसा क्षेत्रीले यस अदालतमा मिति २०८०/०२/१९ मा निवेदन दर्ता गरेकोमा यस अदालतको मिति २०८०/०८/१० गतेको आदेश बमोजिम १५ दिने सूचना जारी गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपाईं महेन्द्र क्षेत्री यस अदालतमा उपस्थित हुन आउनुहोला । आउनु भएन भने कानुन बमोजिम हुनेछ । सो बारेमा थाहा जानकारी पाउने व्यक्तिले १५ दिन भित्र यस अदालतमा जानकारी दिनुहुन अनुरोध छ ।

इति सम्वत २०८१ साल पौष १५ गते रोज २ शुभम...

# पाल्पा महोत्सव : सन्देशमूलक स्टलमा दर्शकको नजर



**पाल्पा,** पौष १४/जिल्लाको बगनासकाली गाउँपालिका- १ चिलाङ्दीमा जारी पाल्पा महोत्सवमा पुग्ने जो कोही दर्शकको नजर स्टल नम्वरमा ३१ मा पर्ने गरेको छ । स्टलमा रहेका सन्देशमूलक पर्चा, पम्लेट, ब्रोसरहरु पढ्न र हेर्ने दर्शकहरु त्यहाँ पुग्ने गरेका छन् ।

शिक्षा,स्वास्थ्य, बालबालिका र युवाहरुको क्षेत्रमा काम गर्दै आएको बगनासकाली युवा संगमले महोत्सवमा आउने दर्शकहरुलाई विभिन्न विषयमा सचेतना जगाउने उद्देश्यले सन्देशमूलक स्टल राखेको छ । जहाँ बालबिवाह, लैङ्गिक हिंसाको अन्त्य गरौं, जलवायू परिवर्तनका बारेमा बुझौं, सार्वजनिक नि:शुल्क शिक्षामा जोड दिऊ, वातावरण स्वच्छ राख्न सबैले तरकारी, फलफूलमा घरेलु जडिबुटिको प्रयोग गरी जैविक विषादीको प्रयोग गरौं भन्ने सन्देशमूलक पर्चा, पम्लेट, ब्रोसरहरु राखिएको छ । स्टलमा पुग्ने दर्शकहरुलाई संगमका युवाहरुले स्टलमा राखिएका कुराहरुको बारेमा जानकारी दिने र सिकाउने गरेका छन् । त्यहाँ पुग्ने दर्शकहरुले उत्साहका साथ पढ्ने र बुझ्ने प्रयास गरेको पाइन्छ । महोत्सवमा आउने दर्शकहरुका लागि उक्त स्टल निकै प्रभावकारी बनेको त्यहाँ पुगेकी सामाजिक स्रोत विकास केन्द्र नेपाल पाल्पाकी कार्यक्रम अधिकृत लक्ष्मी पुरीले बताइन् ।

युवा संगमका अभियन्ताहरुले लामो समयदेखि नि:स्वार्थ रुपमा बालविवाहा, महिला हिंसाको अन्त्य गर्न सडक नाटक प्रर्द्धशन गर्ने, जलवाय परिवर्तन, न्यायका लागि प्रर्द्धशनी, शिक्षा, स्वास्थ्य सुधारका क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको छन् ।

# केराखेतीबाट वार्षिक चार लाख मुनाफा



**वालिङ (स्याङ्जा),** पौष १४ /यहाँका एक किसानले केराखेतीबाट वार्षिक चार लाख मुनाफा आर्जन गरेका छन् । वालिङ नगरपालिका-१ धरमपानीका कृष्णप्रसाद ढङ्गानाले व्यावसायिक केराखेतीबाट उक्त रकम आर्जन गरेका हुन् ।

सबै खर्च कटाएर एक वर्षमा चार हजार पाँच सय दर्जन काँचो तथा पाकेका केरा बेच्दा त्यति रकम नाफा भएको उनले बताए । 'मेरा बारीका केरा स्थानीय व्यापारीले बगैचाबाट नै खरिद गर्छन्', उनले भने । स्थानीय बजारमा केराको माग उच्च भए पनि मागअनुसार आपूर्ति हुन सकेको छैन । तीन वर्षअघि किसान ढङ्गानाले व्यावसायिक रूपमा केराखेती थालेका हुन् । व्यावसायिक रूपमा ड्रागन फ्रुटको खेती गर्न जग्गा सम्याउने क्रममा पुरुवा माटोमा केरा राम्रो हुन्छ भन्ने थाहा पाएपछि उनले केराखेती प्रारम्भ गरेका हुन् । उनको बगैचामा स्थानीय र हाइब्रिड केरा फलेका छन् । उद्यमी ढङ्गानाले २० रोपनीमा केराखेती गर्दै आएका छन् । बगैचामा झापाली मालभोग, चिनी केरा, पुरानो मालभोग, धुस्रे र स्थानीय मुग्रे गरी पाँच प्रजातिका केरा लगाएका छन् । उनले ४० रोपनीमा ड्रागन फ्रुटको खेती पनि गर्दै आएका छन् । *-रासस*

# 'तमु ल्होसार' पर्व ...

...कृषि बाली स्याहार्ने पर्वलाई ल्होसार पर्वमा रूपान्तरण गरियो, जसलाई तोला ल्होसार भनिन्छ । अहिले गुरुङले आफूले मनाउँदै आएको ल्होसारलाई तोला ल्होसार नभनी तमु ल्होसार भन्ने गरेका छन् । यो नामाकरण उनीहरूले गुरुङको पहिचानसँग जोड्न खोजेको देखिन्छ । ल्होसार कृषिसँग सम्बन्धित छ । तिब्बतमा इसापूर्वको सातौँ शताब्दीतिर बुद्ध धर्म प्रवेश हुनुअगाडि भिन्न रूपमा ल्होसार मनाउने गरेको इतिहास पाइन्छ । तिब्बतमा किसानहरूले वर्षे बाली स्याहार्ने बेला कृषि बाली पर्व (हार्भेस्ट फेस्टिभल) मनाउने गर्थे । पछि त्यही पर्वलाई ल्होसारमा रूपान्तरण गरियो । त्यस सन्दर्भमा यो पर्व किसानको पर्व हो, जसलाई तोला ल्होसार भनिन्छ । पुस १५ गतेको रात सबैभन्दा लामो हुने र यसपछिका रात घट्दै जाने भएकाले पनि यस पर्वको महत्व रहेको बताइन्छ । पर्वका अवसरमा आज सरकारले देशभर सार्वजनिक बिदा समेत दिएको छ ।

## खेलकुद समाचार

# अस्ट्रेलियाले भारतलाई ३ सय ३३ रनको हरायो



**काठमाडौं,** पौष १४/भारतसँगको चौथो टेस्ट क्रिकेटको चौथो दिनको खेल सकिँदा घरेलु टोली अस्ट्रेलियाले ३ सय ३३ रनको अग्रता लिएको छ । दोस्रो पारीको ब्याटिङ गरिरहेको अस्ट्रेलियाले चौथो दिनको खेल सकिँदा ९ विकेट गुमाएर २ सय २८ रन बनाएको छ । भारतीय बलरले खेलमा फर्किने प्रयास गरे पनि मार्नस लाबुशेन र कप्तान प्याट कमिन्स तथा नाथन लायन र स्कट बोल्यान्डबीचको अर्धशतकीय साझेदारीका कारण अस्ट्रेलिया बलियो अवस्थामा पुगेको छ । अस्ट्रेलियाले ९१ रनमा ६ विकेट गुमाएको अवस्थामा लाबुशेन र कमिन्सले ५७ रनको साझेदारी गरेका थिए । यस्तै लायन र बोल्यान्डले अन्तिम विकेटका लागि १ सय १० बलमा ५५ रनको साझेदारी गरिसकेका छन् । लायन ४१ रन र बोल्यान्ड १० रन बनाउँदै क्रिजमा छन् । एक समय अस्ट्रेलियाको अग्रता २ सय ५० रनभित्रै समेटिने देखिएको थियो । अग्रता बढ्दै जाँदा भारतको समस्या पनि बढिरहेको छ । दोस्रो पारीमा अस्ट्रेलियाका लाबुशेनले ७०, कमिन्सले ४१ रन बनाए । भारतका जसप्रित बुमराहले ४ मोहम्मद सिराजले ३ विकेट लिए । पहिलो पारीमा अस्ट्रेलियाले ४ सय ७४ रन बनाएको थियो । यस्तै भारतले पहिलो पारीमा ३ सय ६९ रन बनाउँदा अस्ट्रेलियाले १ सय ५ रनको अग्रता लिएको थियो । पाँच खेलको बोर्डर-गाभस्कर ट्रफी शृङ्खलामा १-१ को बराबरी छ । पहिलो खेल भारतले र दोस्रो खेल अस्ट्रेलियाले जितेको थियो । तेस्रो खेल बराबरीमा सकिएको थियो ।

**बिमालेख हराएको सूचना**

यहि मिति २०८१/८/१० गतेका दिन **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल).लि**को निम्न व्यक्तिहरुको नाममा जारी बिमालेख पाल्पाको तानसेन बसपार्कदेखि सिलखानटोल आउदैं गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम** : पुरन बहादुर बज्रचार्य
**पोलिसी नम्बर** : १५०००६८२४
**नाम** : सरिता देवी बज्रचार्य
**पोलिसी नम्बर** : १५००२६९१४
**नाम** : सुभम बज्रचार्य
**पोलिसी नम्बर** : १०००५५७४०
**ठेगाना** :ता.न.पा-४ सिलखानटोल, पाल्पा
**सम्पर्क न** : ९८४७०२९१३७

## अर्थ /कर्पोरेट समाचार

# नेप्से परिसूचक २१ अङ्कले घट्यो



**काठमाडौं,** पौष १५/यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २१ दशमलव १२ अङ्कले घटेर दुई हजार छ सय नौ दशमलव ५८ बिन्दुमा कायम भएको छ । आइतबार तीन सय १६ कम्पनीको एक करोड १० लाख ९९ हजार दुई सय ३९ कित्ता शेयर ६६ हजार सात सय ७४ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ४७ करोड ४८ लाख ६८ हजार सात सय ६४ बराबरको कारोबार भएको हो ।

लघुवित्त एक दशमलव १२, म्युचुअफ फन्ड शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव २९ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । वित्त समूह सबैभन्दा धेरै चार दशमलव ४७ र विकास बैंक समूह दुई दशमलव ६५ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव ६१, जलविद्यूत एक दशमलव ७३, लगानी शून्य दशमलव ६६, जीवन बीमा शून्य दशमलव २९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८१, निर्जीवन बीमा शून्य दशमलव १२ र व्यापार समूह एक दशमलव ०३ प्रतिशतले घटेको छ । पाँच वटा कम्पनीको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । सपोर्ट माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, नारायणी डेभलपमेन्ट बैंक लिमिटेड, सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, जानकी फाईनान्स कम्पनी लिमिटेड र सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको हो । महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने सकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको रू २६ करोड १० लाख ८२ हजार छ सय ६४ बराबरको १० लाख ६५ हजार छ सय ५५ कित्ता शेयर किनबेच भएको छ । *-रासस*

**उपभोक्ता सचेत बनौं**

-अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,

-त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,

-सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकार को सदुपयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई